अनुसूची–२

(दफा ४ तथा अनुसूची– १ को भाग –२ संग सम्बन्धित)

साँफेबगर नगरपालिका

स्थानीय राजपत्र

खण्ड –०३　　　　संख्या –०१　　　　मिति : २०७६/०९/२४

भाग –०२

आर्थिक सहायता अनुदान तथा अति विपन्न सहायता कोष परिचालन कार्यविधि –२०७६

आज्ञाले ,

लक्ष्मी प्रसाद शर्मा

नि. प्रमुख प्रशासकीय अधिकृत

आर्थिक सहायता अनुदान तथा अति विपन्न सहायता कोष परिचालन कार्यविधि -२०७६

प्रस्तावना

साँफेबगर नगरपालिका नगर कार्यपालिकाबाट विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरुलाई प्रदान गरिने आर्थिक, प्राविधिक, कार्यक्रम तथा जिन्सी मालसामान तथा विपन्न नागरिकहरुलाई प्रदान गरिने आर्थिक तथा अन्य सहायता लगायतका अनुदान छिटो, छरितो, मितव्ययी, पारदर्शी एवं प्रभावकारी रुपमा प्रवाह गर्न र अनुदान प्राप्त गर्ने संघ संस्थाहरुलाई अनुशासित, जवाफदेही, उत्तरदायी बनाई परिणाम हासिल गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ ले दिएको अधिकार प्रयोग गरी साँफेबगर नगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ ।

परिच्छेद १

प्रारम्भिक

१ संक्षिप्त नाम र प्रारम्भः

(क) संक्षिप्त नामः यस कार्यविधिको नाम साँफेबगर नगरपालिकाको “आर्थिक सहायता अनुदान तथा अति विपन्न सहायता कोष परिचालन कार्यविधि -२०७६” रहेको छ ।

(ख) प्रारम्भः यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन पश्चात तुरुन्त प्रारम्भ हुनेछ ।

२ परिभाषा र व्याख्या

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः–

(क) “कोष” भन्नाले अति विपन्न सहायता कोष सम्झनु पर्छ ।

(ख) “कार्यपालिका” भन्नाले साँफेबगर नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ग) “प्रस्ताव” भन्नाले अनुदान प्राप्त गर्ने निकाय, समिति वा व्यक्तिले पेश गरेको प्रस्ताव सम्झनु पर्दछ ।

(घ) “प्रमुख” भन्नाले साँफेबगर नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(ङ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले साँफेबगर नगरपालिको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(च) “नगरपालिका ” भन्नाले साँफेबगर नगरपालिकालाई सम्झनु पर्दछ ।

(छ) “आर्थिक सहायता” भन्नाले सहयोग आवश्यक भएको बखत विना लागत अनुमान व्यक्ति वा संस्थालाई दिने आर्थिक, प्राविधिक तथा वस्तुगत सहयोगलाई सम्झनु पर्दछ ।

(ज) “कडा रोग” भन्नाले मुटु, मृगौला रोग, क्यान्सर, अल्जाइमर्स, पेण्डामिक फ्लु रोगहरु तथा नेपाल सरकारले तोकेका अन्य रोगहरु सम्झनु पर्दछ ।

(झ) “ वडाध्यक्ष” भन्नाले साँफेबगर नगरपालिकाका १४ वटै वडाका वडाध्यक्ष सम्झनु पर्दछ ।

३. कोष स्थापना तथा संचालनः

(१) अनुदान तथा आर्थिक सहायता सम्बन्धि कार्यको लागि कार्यालयले नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंक तथा वित्तीय संस्थामा साफेबगर नगरपालिका आर्थिक सहायता अनुदान तथा अति विपन्न सहायता कोष नामक एक बैंक खाता खोली कोष स्थापना गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछनः–

(क) संघिय सरकारबाट सोहि शिर्षकमा प्राप्त रकम

(ख) प्रदेश सरकारबाट सोहि शिर्षकमा प्राप्त रकम

(ग) नगरपालिकाबाट अनुदान तथा आर्थिक सहायताका लागि विनियोजित रकम ।

(घ) नगरपालिका बाहेकका अन्य व्यक्ति,संस्था तथा सरकारी निकायबाट अनुदान तथा आर्थिक सहायताका ल ाग ि भनेर प्राप्त हुने रकम ।

(ङ) कोषलाई सेवा शुल्क वापत प्राप्त हुने रकम ।

(३) उपदफा बमोजिमको कोषको खाता संचालन प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी तथा लेखा प्रमुख वा निजले तोकेको लेखाको कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

४. लक्ष्य

गैर नाफामुलक संस्थाहरुलाई त्यस संस्थाले पेश गरेको प्रस्ताव स्वीकृत गरी प्रगति विवरणको आधारमा अनुदान उपलब्ध गराउन तथा चरम गरिवीका कारण दैनिक जिवनयापन गर्न कठिनाई भोगिरहेका अति विपन्न नगरवासी एवं यस नगरपालिकाकोक्षेत्र भित्र वेवारिसे अवस्थामा भेटिएका अन्य व्यक्तिहरु र कडा रोगका विरामीहरुलाई आर्थिक सहायता प्रदान गरी राहतको मलम लगाउने उद्देश्यले यो कोषको अवधारणा विकास भएको हो ।

५. कोषको उदेश्यः

कोषका उदेश्यहरु देहाय बमोजिम हुनेछन्ः

१ गैर नाफामुलक संस्थाहरुलाई उनीहरुको सक्षमता अभिवृद्धिका लागि अनुदान उपलब्ध गराउने ।

२ कडा रोग लागेका एवं दुर्घटनाबाट घाइते ब्यक्तिहरुलाई उपचारका लागि अत्यावश्यकीय खर्च उपलब्ध गराउने ।

३ रोगका कारण शारीरिक संरचनामा असामान्य परिवर्तन आई पराधीन बन्न पुगेका अनाथ एवं टुहुरा बालबालिकाहरुलाई राहत प्रदान गर्न ।

४ आमा बुवा दुवै नभई नाजुक आर्थिक अवस्थाका कारण पराधीन बन्न पुगेका अनाथ एवं टुहुरा बालबालिकाहरुलाई सहायता प्रदान गर्न ।

५. जिल्लामा उपचार सम्भव नभएका आर्थिक स्थिति कमजोर भएका व्यक्तिहरुलाई सहयोग गर्ने ।

६. बेवारिस लाश व्यवस्थापन गर्न ।

परिच्छेद २

प्राथमिकता

६ प्राथमिकता क्षेत्रहरु

साँफेबगर नगरपालिकाले अनुदान तथा आर्थिक सहायता देहायका प्राथमिकताका आधारमा गर्नेछ ।

(क) अनुदानको हकमा

- प्राविधिक शिक्षामूलक कार्यक्रमहरु

- सामाजिक परोपकार सम्बन्धी कार्यक्रमहरु
- स्थानीय उद्यम तथा पर्यटन विकास सम्बन्धी कार्यक्रमहरु
- जनचेतनामूलक कार्यक्रमहरु
- खेलकुद विकास सम्बन्धी कार्यक्रमहरु
- सामाजिक रुपान्तरणका कार्यक्रमहरु

(ख) आर्थिक सहायताको हकमा

 कडा रोग लागेकाहरु

 रोगका कारण शारीरिक संरचनामा असामान्य परिवर्तन आई पराधीन बन्न पुगेकाहरु

 अनाथ तथा असहाय बालबालिकाहरु

 कडा रोग वा दुर्घटनामा परेका पदाधिकारी एवं कर्मचारीहरु तथा अन्य व्यक्तिहरु

 गरिवीको चपेटामा परेका व्यक्तिहरु

परिच्छेद ३

अनुदान तथा आर्थिक सहायताका प्रकार तथा प्रक्रियाहरु

७ अनुदानका प्रकारहरु

(क) संस्थागत अुनदान

(ख) आर्थिक सहायता

८ अनुदान वितरण गर्ने प्रक्रियाहरु

(क) संस्थागत अनुदान

(अ) कुनै पनि सरकारी संस्था, अर्ध सरकारी संस्था कानून बमोजिम स्थापित गैर नाफामूलक संस्थाहरुलाई अनुदान प्रदान गर्दा उक्त संस्थाले पेश गरेको प्रस्तावलाई कार्यपालिकामा पेश गरि स्वीकृत गर्नु पर्नेछ ।

(आ) उक्त संस्थाले अनुदान प्राप्त गर्नका लागि निम्न बमोजिमका कागजातहरु पेश गर्नु पर्नेछ ।

 अनुसुची १ बमोजिमको निवेदन र कार्यक्रमको प्रस्ताव

 संस्था दर्ताको प्रमाणपत्रका प्रतिलिपी

 अनुदान माग गर्ने संस्थाको संचालन समितिको बैठकको प्रतिलिपी

 गत आ. व. को लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपी

 परोपकारी संस्था भए सो सम्बन्धी कागजात

(इ) रु २५,००० भन्दा बढी अनुदान स्वीकृत भएको संस्थासँग अनुसुची २ बमोजिमको ढाँचामा सम्झौता गरिनेछ ।

(इ) अनुदान रकम स्वीकृत भइ सके पश्चात संस्थाबाट प्राप्त प्रगति/कार्यसम्पन्न प्रतिवेदन तथा बिल भर्पाइका आधारमा अनुदान रकम प्रदान गरिनेछ ।

(इ) संस्थालाइ उपलब्ध गराउने रकम एकाउन्टपेयी चेक मार्फत हुनेछ ।

(ख) आर्थिक सहायता

(अ) आर्थिक सहायता प्राप्त गर्नेहरुको वर्गीकरण

 कडा रोग लागेकाहरु

 रोगका कारण शारीरिक संरचनामा असामान्य परिवर्तन आई पराधीन बन्न पुगेकाहरु

 आमा बुवा दुवै नभई नाजुक आर्थिक अवस्थाका कारण पराधीन बन्न पुगेका अनाथ एवं टुहुरा बालबालिकाहरु

 आमा वा वुवा नभई कमजोर आर्थिक अवस्थाका कारण जीवनयापन गर्न कठिनाई भोगी रहेका बालबालिकाहरु

 सडक दुर्घटनामा परी मृत्यु तथा घाइते भएका यस नगरबासीहरु

 कार्यपालिकाले निर्णय गरे बमोजिमको अन्य अकालमै ज्यान गुमाउनु परेका यस नगरवासीहरु

(आ) आर्थिक सहायता प्रदान गर्नका लागि निर्णय गर्ने अधिकारी

 रु ५०० देखि ३००० सम्मको दफा ८ (ख (अ)) बमोजिमका व्यक्तिहरुलाइ आर्थिक सहायता प्रदान गर्ने निर्णय वडाध्यक्षले गर्न सक्नेछ ।

 २५००० सम्मको दफा ८ (ख (अ) बमोजिमका व्यक्तिहरुलाइ आर्थिक सहायता प्रदान गर्ने निर्णय प्रमुखले गर्न सक्नेछ ।

 रु २५,००० बढीको दफा ८ (ख (अ) बमोजिमका व्यक्तिहरुलाइ आर्थिक सहायता प्रदान गर्नु परेमा कार्यपालिकाले निर्णय गर्नेछ । तर सो भन्दा कम रकमको सहायता प्रदान गर्न बाधा पर्ने छैन ।

(इ) आर्थिक सहायता उपलब्ध गराउँदा निम्न प्रक्रिया अवलम्बन गनुपर्नेछ ।

 सम्बन्धित व्यक्ति वा नीजको अभिभावक वा नीजको संरक्षकको निवेदन

 नागरिकताको प्रमाणपत्रको प्रतिलिपी नावालकको लागि जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपी

 आर्थिक अवस्था दयनीय भएको भनी उपचारका लागि आर्थिक सहायता प्रदान गरिदिने विषयक सम्बन्धित वडा

कार्यालयको सिफारिस (वडा स्तरमा हुने निर्णयका लागि वडाध्यक्षले आर्थिक सहायता प्रदान गर्ने भन्ने निर्णय)

 निवेदन साथ सम्बन्धित अस्पताल, नर्सिङ्ग होम वा स्वास्थ्य क्लिनिक वा जाँच गर्ने डाक्टरले जाँच गरेको प्रमाणको प्रतिलिपी ।

(ई) प्रत्येक वडा कार्यालयलाई सहायताका लागि वडा सभाबाट विनियोजित रकमको सिमा भित्र रही उपलब्ध गराइनेछ उक्त विनियोजित रकम आर्थिक बर्षको सुरुमै वडा सिफारिसको आधारमा कोषमा दाखिला गरेको हुनुपर्नेछ । साथै यस उपदफा बमोजिम उपलब्ध गराइने रकम वडा समितिले पेश्कीको रुपमा माग गर्ने निर्णय गरेमा सोही बमोजिम पेश्कीको रुपमा समेत उपलब्ध गराउन सकिनेछ ।

(उ) उपदफा (ई) बमोजिम यदि पेश्की रकम उपलब्ध गराइएमा उक्त रकम ९० दिन भित्र फछ्र्यौट गरि सक्नु पर्नेछ ।

(ऊ) कडा रोग लागेकाहररुलाइ उपचार खर्च नभइ यातायात अन्य खर्च वाफत औचित्यताको आधारमा सहायता प्रदान गरिनेछ ।

परिच्छेद ४

विविध

९ कोषको लेखापरीक्षणः यस कार्यविधि बमोजिम स्थापना भएको अनुदान तथा आर्थिक सहायत ा कोषको लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ ।

१० कोषको श्रोतः यस कार्यविधि बमोजिम स्थापना भएको कोषको आम्दानीको श्रोत साँफेबगर नगर सभा द्वारा अनुदान तथा आर्थिक

सहायताका लागि विनियोजन गरेको रकम र अन्य ब्यक्ति तथा संस्थाले यस कोषका लागि उपलब्ध गराउने रकम रहनेछ । तर नेपाल सरकार तथा प्रदेश सरकार द्वारा प्रदान गरिने जुनसुकै अनुदानको रकम यस कोषमा जम्मा गरिने छैन ।

११. **<u>रकम फ्रिज नहुने तथा आवर्ती कोष (रिवल्विङ् फण्ड) को रूपमा रहने</u> :** १. कोषमा नियमानुसार जम्मा भएको रकम मध्ये आंशिक वा पुरै रकम कुनै आर्थिक वर्षमा खर्च नभई आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज नभई कोषमै रहनेछ ।

(२) कोषलाई आवर्ती कोष (रिबल्विङ्ग फण्ड) को रुपमा सञ्चालन गरिनेछ ।

स्पष्टिकरणः *यस दफाको प्रयोजनका लागि आवर्ती कोष (रिबल्विङ फण्ड) भन्नाले कोषबाट खर्च भएको नगद रकम वार्षिक रुपमा बजेट विनियोजन मार्फत पुनःपुर्ति गर्दै जाने गरि स्थापित कोषलाई सम्झनुपर्छ ।*

१२. विशेष व्यवस्थाः यस कार्यविधि बाहेक अन्य क्षेत्रहरुमा आर्थिक सहायता प्रदान गर्दा कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

१३. कोषको वार्षिक विवरण: कोषको वार्षिक आय तथा व्यय विवरण र प्रतिवेदन नगरसभामा पेश हुनेछ ।

१४. कार्यविधिको ब्याख्याः यस कार्यविधिको कार्यान्वयन गर्ने क्रममा कुनै द्विविधा उत्पन्न भएमा कार्यपालिकाले गरेको ब्याख्या अन्तिम हुनेछ ।

१५. बचाउः यो कार्यविधि लागू हुनु भन्दा अगावै प्रदान गरिएका अनुदान तथा आर्थिक सहायताहरु यसै कार्यविधि बमोजिम प्रदान गरिएको मानिनेछ ।

१६. खारेजीः कार्यपालिकाले आवश्यक भएको बखत जुनसूकै वेला यो कार्यविधि खारेज गर्न सक्नेछ ।

अनुसुची १

साँफेबगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय समक्ष पेश गरेको कार्यक्रमको प्रस्तावको ढाँचा

१ संस्थाको नाम :
२ संस्था दर्ता मिति :
३ नविकरण मिति :
४ संस्था दर्ता भएको कार्यालय :
५ संस्थाको कार्यक्षेत्र :
६ संस्थाको कार्यालय रहेको स्थान :
७ संस्थाका सदस्य संख्या :
८ कार्यक्रमको शिर्षक :
९ कार्यक्रम स्थल :
१०लक्षित वर्ग :
११लक्षित संख्या :
१२कार्यक्रमको मुख्य उद्देश्य :
१३गरिने मुख्य मुख्य मुख्य कार्यहरु :

…………………………………………………………………………………
…………………………………………………………………………………
…………………………………………………………………………………

१४कार्यक्रमको लागत

a. कूल लागत अनुमान :
b. संस्था आफैले बेहोर्ने रकम :
c. साँफेबगर नगर कार्यपालिकाको कार्यालयबाट अपेक्षा गरीएको रकम :
d. अन्य निकायबाट पाउने रकम :

१५प्राविधिक सहयोग आवश्यक पर्ने/नपर्ने :
१६अन्य विवरणहरु :

a. संस्थाका पदाधिकारीहरुको नामावली
   i. अध्यक्ष :
   ii. उपाध्यक्ष :
   iii. कोषाध्यक्ष :
   iv. सचिव :
   v. सह सचिव :
   vi. सदस्य :
   vii. सदस्य :
   viii. सदस्य :
   ix. सदस्य :

x. सदस्य :
xi. सदस्य :

अनुसुची २

<u>सम्झौताको ढाँचा</u>

साँफेबगर नगरपालिका कार्यपालिकाको कार्यालय, साँफेबगर,अछाम र श्री .... संस्था बीच .... बारेको सम्झौता पत्र

साँफेबगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, साँफेबगर अछाम (यस पछि पहिलो पक्ष भनिएको) र श्री .... (यस पछि दोश्रो पक्ष भनिएको) का बीच साँफेबगर नगर कार्यपालिकाको मिति २०७.../..../.... के निर्णयानुसार .... स्थानमा .... कार्य गर्नका लागि प्रथम पक्षले .... रकम उपलब्ध गराउने र दोश्रो पक्षले .... कार्य गर्ने गरी तपशिल बमोजिमका सर्त, बन्देज तथा दायित्वको अधीनमा रही कार्य गर्न यस सम्झौता पत्रमा स्वतन्त्र मञ्जुरीको साथ सही छाप गरी १/१ प्रति बुझी लियौँ - दियौँ।

<u>सर्त, बन्देज तथा दायित्व</u>

१ प्रथम पक्षले दोश्रो पक्षलाइ .... कार्य गर्नका लागि रु .... उपलब्ध गराउनेछ।

२ दोश्रो पक्षले बुँदा नं १ बमोजिम .... कार्यहरु गर्नु पर्नेछ।

३ दोश्रो पक्षले कार्यक्रम मिति .... भित्र सम्पन्न गरि सक्नु पर्नेछ र सम्पादन गरिने कार्य गुणस्तरीय हुनु पर्नेछ।

४ यस सम्झौता बमोजिम दोश्रो पक्षले काम सम्पन्न नगरेमा वा बीचैमा छोडेमा यो सम्झौता स्वत: भंग हुनेछ।

५ यो सम्झौता कार्यान्वयनमा कुनै विवाद उत्पन्न भएमा आपसी सहमतिबाट विवादको टुंगो लगाइनेछ। सहमतिबाट विवाद टुंग्याउन नसकिएमा प्रचलित नेपाल कानून बमोजिम हुनेछ।

६ यस सम्झौतामा उल्लेख नभएको कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६४ र नियमावली २०६५ बमोजिम हुनेछ।

७ प्रथम पक्षले दोश्रो पक्षलाइ यस सम्झौता बमोजिम गरेको प्रगति/कार्यसम्पन्न प्रतिवेदन तथा बिल भर्पाइका आधारमा मात्र अनुदान रकम प्रदान गर्नेछ।

८ बुँदा नं ६ बमोजिम प्रदान गरिने रकम दोश्रो पक्षलाइ किस्तागत वा एकमुष्ट रुपमा प्रदान गरिनेछ।

९ प्रथम पक्षबाट प्राप्त सम्झौता रकमको लेखा परीक्षण गराउने दायित्व दोश्रो पक्षको हुनेछ।

१०यस सम्झौतामा भएको विषय बाहेकका अन्य विषय दुवै पक्षको आपसी सहमतिका आधारमा थप गर्न सकिनेछ।

प्रथम पक्ष	**दोश्रो पक्ष**
नाम :	नाम :
पद:	पद:
दस्तखत :	दस्तखत :
संस्थाको नाम :	संस्थाको नाम :

साक्षी :

श्री ………………………, ……….

श्री………………………., ……….

इति संवत २०७… साल ………. महिना ……… गते रोज ……… शुभम् ।

प्रमाणीकरण मिति : २०७६/०९/२४

आज्ञाले,

लक्ष्मी प्रसाद शर्मा

नि.प्रमुख प्रशासकीय अधिकृत